Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## प्रशासन शाखा

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

प.नं. ०७९/०८०

च.नं.

मिति :२०७९/०६/२६

### स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०७९ बमोजिम तहवृद्धि गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः- २०७९/०६/२६

सूचना नं. ०१/२०७९-८० (तहवृद्धि)

गण्डकी प्रदेश सरकारद्धारा प्रदेश राजपत्रमा मिति २०७९/०६/०७ मा प्रकाशित **स्थानीय सेवा** (गठन तथा संचालन) **अध्यादेश, २०७९** को दफा २८ बमोजिम तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षको कार्य सम्पन्न मूल्याङ्कनमा तोकिए बमोजिमको अङ्क प्राप्त गरेको कर्मचारीलाई सम्बन्धित सेवा समूह वा उपसमूह भित्रको पदमा तहवद्धि साथै सोही अध्यादेशको दफा ९ अनुसार दरबन्दी मिलान भई स्वतः माथिल्लो तह कायम गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश, २०७९ को दफा ९ बमोजिमको योग्यता पुरा गरेका तथा दफा ३२ बमोजिम नकारात्मक सूचीमा नपरेका, तहवृद्धि हुनेभन्दा एक तह मुनिको सम्बन्धित सेवा समूह र उपसमुहको पदमा यस बेसीशहर नगरपालिकाको कार्यालयमा कार्यरत स्थानीय सेवाका ईच्छुक स्थायी कर्मचारीहरुले यस बेसीशहर नगरपालिकाको प्रशासन शाखाबाट आवेदन फारम लिई वा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको वेवसाईट **www.ocmcm.gandaki.gov.np** मा रहको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी फाराममा उल्लिखित विवरण खुलाई सम्भव भएसम्म नेपाली कागजमा प्रिन्ट गरी यस नगरपालिकाको सम्वन्धित शाखा प्रमुख बाट प्रमाणित गराई दुई प्रति तयार गरी मिति २०७९/०७/०१ गते सम्ममा यस नगरपालिकाको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ । आवेदन फाराम साथ तहकायम/तहवृद्धि हुने पद भन्दा एक तहमुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्तिको नियुक्तिपत्रको प्रतिलिपि, आवश्यक न्युतम शैक्षिक योग्यताको प्रतिलिपी, समायोजन भएको कर्मचारीको हकमा कर्मचारी समोयोजन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेशस्थित स्थानीय तहमा समायोजन भएको समायोजनपत्रको प्रमाणित प्रतिलिपी २/२ प्रति, कार्य सम्पादन मुल्याङ्कन फाराम र स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ३२ बमोजिम नकारात्मक सूचीमा नपरेको भनी उम्मेदवार स्वयंले स्वघोषणा गरी पेश गनुपर्ने छ । म्याद नाघी प्राप्त हुन आएका, अपूरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथि कारबाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

२०७९/६/२६

इमनाथ कडेल
प्रमुख प्रशासकीय अधिकृत

इमनाथ कंडेल
प्रमुख प्रशासकीय अधिकृत